# CEDB Holdings Limited

ISO 9001:2015 Certified

Ref No:- CHDC/EL/61/082/83

मिति: वैशाख २२, २०८३

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय: वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति वैशाख २२, २०८३ गते मंगलबार बिहानको ९:०० बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको आ.व. २०८१/८२ को वार्षिक साधारण सभा मिति जेष्ठ १४, २०८३ (मे २८, २०२६) गते बिहिबार बिहानको ९:०० बजे हुने निर्णय भएको जानकारी गराउँदछौं । साथै उक्त साधारण सभामा पेश गरिने प्रस्तावहरु निम्न बमोजिम रहेका छन्।

**१. साधारण प्रस्तावहरु**

क) संचालक समितिको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

ख) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०८१/८२ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

ग) आ.व. २०८२/८३ को लागि लेखा परिक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**२. विशेष प्रस्तावहरु**

क) हकप्रद शेयर पुनः अनुमोदन गर्ने ।

ख) कम्पनीको जारी पूँजी हेरफेर गरी प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

ग) नियमक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**३. विविध**

साथै उक्त वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति बैशाख ३०, २०८३ गते एक दिनका लागि बन्द रहने छ। शेयरधनी पुस्तीका बन्द भएको अघिल्लो दिन मिति वैशाख २९, २०८३ सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई सात (७) कार्य दिन भित्र दाखिल खारेजको लागी प्राप्त शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन् ।

भवदीय,

CEDB HOLDINGS LIMITED
CHDC
KATHMANDU, NEPAL

विवेक कार्की
परिपालन अधिकृत

**बोधार्थ**

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिंहदरवार, काठमाण्डौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।